# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन

सार्वजनिक सुनुवाइ संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगाना : श्री टीकाराम ज्ञवाली, जिविस, कालीकोट

सार्वजनिक सुनुवाइ सह-संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगाना : श्री भोलाप्रसाद चापागाँई, जिविस, कालीकोट

सुनुवाइ गरिएका विषयवस्तुहरु :

क) जिल्ला विकास समितिवाट चालु आ.व. २०७१/०७२ जेष्ठ सम्म संचालन भए गरेका कामहरु

ख) जिल्ला प्राविधिक कार्यालयवाट चालु आ.व. २०७१/०७२ जेष्ठ सम्म संचालन भए गरेका कामहरु

ग) जिविस अन्तर्गत संचालित विभिन्न अन्य कार्यक्रम/आयोजनाहरुको चालु आ.व. २०७१/०७२ जेष्ठ सम्म संचालन भए गरेका कामहरु

कार्यक्रम आयोजना स्थल : जिविसको सभाहल (रातो भवन)

कार्यक्रम आयोजना गरिएका मिति र समय : २०७२/०३/१८ गते (दिउसो २:०० वजे देखि ६:००)

कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) ४:०० घण्टा

मिति २०७२ जेष्ठ १८ गते दिनको २:०० वजे स्थानीय विकास अधिकारी श्री टीकाराम ज्ञवालीज्यूको अध्यक्षतामा जिविसको रातोहलमा ९९ जना सहभागीहरुको उपस्थितिमा सम्पन्न भएको थियो। उक्त कार्यकममा योजना अनुगमन तथा प्रशासकिय अधिकृत श्री भोलाप्रसाद चापागाँईले कार्यकमको उद्देश्य माथि प्रकाश पार्दै उपस्थित आगन्तुकहरुलाई स्वागत गर्नु भएको थियो भने जिल्ला प्राविधिक कार्यालयका जिल्ला ईन्जिनियर श्री चकवहादुर शाहीले यस जिल्ला विकास समितिको कार्यालय र अन्तर्गत संचालित विभिन्न २८ वटा आयोजना तथा कार्यकमहरुको २०७२ जेष्ठ मसान्त सम्म भए गरेका प्रगतिको अवस्थाको वारेमा प्रस्तुती गर्नु भएको थियो भने त्यस कार्यकम माथि उपस्थित महानुभावहरुले तपसिल वमोजिमका जिज्ञाशा तथा सुझाव राख्नु भएको थियो भने स्थानीय विकास अधिकारी श्री टीकाराम ज्ञवालीले उक्त प्रश्नहरुको जवाफ दिनु भएको थियो।

उठेका प्रश्न/जिज्ञासा र उत्तर :

| क्रम संख्या | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | जिल्ला स्वास्थ्य कार्यालयका सि.अ.हे.व.कटक वहादुर महत | सार्वजनिक सुनुवाई कार्यकममा प्रस्तुत गरिएको जिविसको वालपोषण भत्ता प्राप्त गर्ने वालवालिकाहरुको संख्या र जिल्ला स्वास्थ्य कार्यालयवाट संकलन हुने वालवालिकाहरुको संख्यामा धेरै फरक किन आयो ? | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | जिविसको वालपोषण भत्ता प्राप्त गर्ने वालवालिकाहरुको संख्या र जिल्ला स्वास्थ्य कार्यालयवाट संकलन हुने वालवालिकाहरुको संख्यामा के भएको हो गाविस सचिवहरुको वैठकमा राखी वास्तविकता वुझि सोको निराकरण गर्ने। |

स्थानीय विकास अधिकारी

| क्रम संख्या | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी ब्यहोरा |
|---|---|---|---|---|
| २ | नेमकिपा पार्टीका प्रतिनिधि खड्गराज शाही | ओखरघाट र घट्टेघाट लघु जलविद्युत आयोजनाको कुल ल.ई.रकम कति हो ? कहाँ कहाँ कति लगानी भएको छ ? कतै अन्य सघ संस्थासंग पनि साझेदारीमा काम गरी दोहोरोपन भएको सुनिन्छ ? | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | ओखरघाट र घट्टेघाट लघु जलविद्युत आयोजनामा अन्य संस्थासंग पनि साझेदारीमा भए/नभएको सम्बन्धमा जिल्ला उर्जा र सम्बन्धित आयोजनाबाट प्रष्ट बझुने । |
| ३ | नेकपा-माओवादी प्रतिनिधि दुर्गबहादुर रावत | जिविसबाट संचालन हुने योजनाहरुमा अन्य कार्यालय वा संघ संस्थाहरुबाट पनि संचालन भई दोहोरोपना भएकाले देखिन्छ ? त्यसलाई हटाउनु पर्ने । | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | जिविसबाट संचालन हुने योजनाहरुमा अन्य कार्यालय वा संघ संस्थाहरुबाट पनि संचालन भई दोहोरोपना हुन नदिन संयुक्त अनुगमन प्रणालीको बिकास गरेको भएता पनि केहि दोहोरोपना भएका योजनाहरुको तथ्यांक संकलन गरी सम्बन्धित कार्यालयलाई सोधपुछका लागि पत्राचार गरिने छ । |
| ४ | नेपाली कांग्रेस प्रतिनिधि दमन शाही | माघ महिनामा नै जिल्ला परिषद सम्पन्न भएर पनि चालु आ.व.मा संचालन हुने जिविसका योजनाहरुको संझौता किन ढिलो भएको हो ? आ.व.को अन्त्यमा संझौता भएका योजना कहिले सम्पन्न हुन्छन ? | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | निर्धारित समयमा परिषद् सम्पन्न भएता पनि उपभोक्ता समिति गठन प्रक्रियामा केहि अप्ठयारा/कठिनाई आएको कतिपय शीर्षकमा ढिलो गरी अख्तियारी प्राप्त भएको कारणले समयमा संझौता हुन नसकेको तर त्यसको समाधानका लागि जिविस बोर्डबाट नीतिगत निर्णय गरिएकाले आगामी आ.व.मा त्यो समस्या नआउने । |
| ५ | नेपाल परिवार दल प्रतिनिधि रविन्द्रबहादुर शाही | गाविस सचिवहरु प्राय गाविस नबसी सदरमुकाममा किन बसेको छन ? | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | गाविस सचिवहरु प्राय सदरमुकामा बसेको बास्तविकतालाई मध्यनजर गरी आगामी आ.व. देखि कम्तिमा एक महिनामा २० दिन गाविसमा बस्ने र बाकी १० दिन सदरमुकामा बस्ने परिपाटीका लागि प्रमुख जिल्ला अधिकारीसंग समन्वय गरी ब्यवस्था मिलाईनेछ । |
| ६ | नेपाली कांग्रेस प्रतिनिधि दमन शाही | कर्णालीमा आएको प्रशासनिक बजेट फिज नहुने तर बिकासका लागि आएको बजेट फिज किन हुन्छ ? | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | केहि बजेटको अख्तियारी समयमा नआउने, केहि योजना उपभोक्ताहरुले काम सम्पन्न गर्न ढिलाई गर्ने जस्ता कारणले यस्तो हुँन गएको हो । |
| ७ | नेमकिपा पार्टीका प्रतिनिधि खडगराज शाही | रौंचुली जलविद्युत आयोजनामा काम गर्ने कामदारले ज्याला नपाएको र उक्त जलविद्युतको लागि लिएका सामग्रीहरु अन्य ठाउँमा प्रयोग भएको देखिन्छ । | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | वास्तविकता के हो ? जिविसको उर्जा शाखाबाट सोधपुछ गरी जानकारी गराईने छ । |

स्थानीय विकास अधिकारी

| क्रम संख्या | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| ८ | नेपाल बार सचिव दमनराज बम | सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत हुनुपर्ने प्रतिवेदन सहभागीहरुलाई पनि एक/एक प्रति उपलब्ध नगराई सार्वजनिक सुनुवाई केहि फितलो भएको देखिन्छ । | यो.अ.तथा प्र.अ.भोलाप्रसाद चापागाई | उक्त Document ३५ पेज भएको तथा करिब १०० जना सहभागीलाई उपलब्ध गराउन केहि कठिन भएकोले आगामी दिनमा सारांशमा भए पनि उपलब्ध गराईनेछ । |
| ९ | नेकपा एमाले प्रतिनिधि कुर्मराज शाही | जिविसबाट संचालन हुने बिभिन्न योजनाहरु मध्ये सम्झौता भएका योजनाहरुको सूची कार्यक्रमगत रुपमा जिविसको सूचना पाटी लगायत अन्य सार्वजनिक स्थलमा टाँस गनुपर्ने देखिन्छ । | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | आगामी आ.व. देखि जिविसको सूचना पाटी र सार्वजनिक स्थलमा टासिने छ । |
| १० | एनेकपा माओवादी प्रतिनिधि दिनेश चदरा | सार्वजनिक सुनुवाई कार्यक्रममा योजना संचालन गर्दा देखिने अवरोध विश्लेषण गरिएको देखिएन भने सवल पक्षहरु के के गरियो भन्ने कुरा आएन | यो.अ.तथा प्र.अ.भोलाप्रसाद चापागाई | आगामी आ.व. देखि कार्यक्रम संचालन गर्नुपुर्व आईपर्ने समस्याहरुलाई निराकरण गरिने व्यवस्था मिलाईने छ । |
| ११ | नेकपा एमाले प्रतिनिधि नेशनल शाही | संचालन हुने बिभिन्न योजनाहरुको कार्यान्वयन पक्ष के कस्तो छ भनी समय समयमा हुने अनुगमन केहि फितलो देखियो । | यो.अ.तथा प्र.अ.भोलाप्रसाद चापागाई | जिविसबाट गठन गरिएको अनुगमन समितिबाट समयम समयमा अनुगमन गरिनेछ र आगामी दिनमा अझ प्रभावकारी बनाईनेछ । |
| १२ | एनजिओ फेडेरेशन प्रतिनिधि अशोक योगी | जिल्ला स्थित सम्पूर्ण राजनैतिक दल, विकास सग सम्बन्धित सम्पूर्ण कार्यालयहरुले "बहसको लागि बहस होईन, विकासको लागि बहस गरौ" भन्ने मुलमर्मलाई आत्मसात गर्नुपर्ने देखिन्छ । | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | बहसको लागि बहस होईन, विकासको लागि बहस गरौ भन्ने मर्मलाई आगामी दिनमा सबैले आत्मसात गर्नु बेश हुन्छ । |
| १३ | गैरसरकारी कार्यालय प्रमुख प्रतिनिधि नरजंग शाही | संचालन हुनुपर्ने प्रत्येक क्रियाकलापगत सार्वजनिक सुनुवाई गर्ने बानीको विकास गनुपर्ने देखिन्छ । | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | आगामी वर्ष देखि प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गरिनेछ । |
| १४ | नेपाली काग्रेस प्रतिनिधि कालीवहादुर शाही | सार्वजनिक सुनुवाई कार्यक्रम प्रत्येक चौमासिकको प्रथम चरणमा गर्नुपर्ने देखिन्छ भने संचालित क्रियाकलापहरुको कार्यान्वयन पक्ष सबल र समक्ष बनाउन पनि प्रत्येक चौमासिकमा अनुगमन हुनुपर्ने देखिन्छ । | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | आगामी आर्थिक वर्ष देखि प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई गरिनेछ । |
| १५ | राप्रपा प्रतिनिधि लालबहादुर मल्ल | जिविसबाट संचालन हुने योजनाहरु समयमा सम्पन्न मात्र भएर भएन गुणस्तरीय पनि हुनु पर्ने देखिन्छ । | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | योजना गुणस्तरीय हुनलाई समय समयमा अनुगमन गरिने परिपाटीको व्यवस्था मिलाईने छ । |

| क्रम संख्या | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १६ | तुलाराम पाण्डे पत्रकार | सुनेका कुरा नगरी देखेको कुरा गरौ। | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | प्रस्तुत सुझाव सबैले लागु गरौ |
| १७ | एनेकपा माओवादी प्रतिनिधि दिनेश चदरा | जिविसबाट संचालन हुने योजनाहरु कार्यान्वयन गर्दा आईपर्ने चुनौती र संभावनाहरुको बारेमा विस्तृत छलफल गर्नुपर्ने। | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | आगामी वर्षदेखि योजना संचालन हुनुपुर्व आईपर्ने संभावित चुनौतीहरुलाई छलफल गरिने छ |
| १८ | राप्रपा प्रतिनिधि धनबहादुर बटाला | संचालित योजनाहरु सम्पन्न नभई प्राविधिकहरुले काम सम्पन्न भएको भनि काम गर्ने परिपाटीको अन्त्य गर्नुपर्ने देखिन्छ | जिल्ला ईन्जिनियर चक्रबहादुर शाही | अधुरो कामलाई सम्पन्न भएको भनी कसैले त्यस्तो नगरेको यदि गरेको भए त्यस्ता प्राविधिक कर्मचारीहरुलाई नियमानुसार कारवाही हुने छ |
| १९ | नेपाली काग्रेस प्रतिनिधि कालीबहादुर सहकारी | संचालित योजनाहरु समयमा सम्पन्न नभई रकम फ्रिज भई योजना अधुरो हुने भएकोले फ्रिज हुने रकमलाई फ्रिज नहुने खातामा ट्रान्सफर गर्ने प्रावधान हुनुपर्ने देखिन्छ। | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, नेपाल सरकारसंग अनुरोध गरिनेछ। |
| २० | पत्रकार प्रतिनिधि दुर्गा काफ्ले | संचालित कार्यक्रमहरुलाई प्रभावकारीरुपले कार्यान्वयन गर्नका लागि अनुगमन समितिबाट प्रत्येक चौमासिकमा अनुगमन गर्नुपर्ने देखिन्छ भने अनुगमनबाट देखिएका राम्रा कुराहरुलाई स्याबासी दिदै नराम्रा कुराहरुलाई सुधारका लागि रचनात्मक सुझाव दिनु पर्ने देखिन्छ। | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | कुनै पनि योजनामा राम्रो काम गर्नेलाई पुरस्कार र नराम्रो काम गर्नेलाई दण्डको व्यवस्था गरिने छ। |
| २१ | राजमो प्रतिनिधि कमलविक्रम शाही | जिविसले गठन गरेको अनुगमन समितिबाट मात्र अनुगमन नभई, नागरिक समाज लगायत सबै सचेत नागरिकले आ-आफ्नो ठाउँमा संचालित योजनाहरुको अनुगमन गरी जे देखिन्छ ? जस्तो देखिन्छ त्यसलाई जिविसमा जानकारी गराउने व्यवस्था मिलाउनु पर्ने देखिन्छ। काम शुरु हुँदा नै अनुगमन हुनुपर्ने, कामको बीचमा निर्माण कार्यको गुणस्तर र कामकारवाही कति छ सो समेत अनुगमन हुनपर्ने, जिल्ला प्राविधिक कार्यालयको संस्थागत क्षमता कमजोर भएकाले सो सुधार गर्नुपर्ने। जिविसको अनुगमन समिति प्रभावकारी हुनुपर्ने। | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | विकाससग सम्बन्धित कार्यालयका कर्मचारी बाहेक अन्य सबै नागरिकहरुले यो हाम्रो हो राम्रो गर्नुपर्छ भनि सबैले आ-आफ्नो क्षेत्रबाट अनुगमन गरी सम्बन्धित निकायलाई खबरदारी गर्ने बानीको विकास गर्नु पर्दछ। जिल्ला प्राविधिक कार्यालयको संस्थागत क्षमता अभिवृद्धि गरिने छ। जिल्ला अनुगमन समितिलाई प्रभावकारी गराईने छ। |

स्थानीय विकास अधिकारी

| क्रम संख्या | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/ सुझाव | जवाफ दिने पदाधिकारीको नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| २२ | नागरिक समाज प्रतिनिधि अमलराज शाही | पत्रकारहरुले पनि खबरदारी गरी समाजलाई सचेत गराउनु पर्ने देखिन्छ। | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | आगामी दिनमा यसलाई कार्यान्वयन गरिने छ। |
| २३ | नेपाली काग्रेस प्रतिनिधि अम्वबहादुर शाही | योजना अनुगमनबाट देखिएका सकारात्मक र नकारात्मक कुराहरुको छलफल गर्नुपर्ने | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | आगामी दिनहरुमा कार्यान्वयन गरिने छ |
| २४ | प्रमुख जिल्ला अधिकारी प्रदिप श्रेष्ठ | आगामी वर्षमा सार्वजनिक सुनुवाई गर्दा सुशासन ऐनले तोकेको प्रकृया र विधि अनुसार गर्नुपर्ने। | स्थानीय विकास अधिकारी टीकाराम ज्ञवाली | आगामी आ.व. देखि सुशासन ऐन/नियम बमोजिम गरिनेछ। |
| २५ | नेपाल वार सचिव दमनराज वम | मुग्रा र मेहलमुडी गाविसको बीचमा पर्ने सान्नीगाड झोलुङ्गेपुल निर्माणमा के समस्या देखिएको छ। सोको समाधान हुनु पर्यो। | जिल्ला ईन्जिनियर श्री चक्रवहादुर शाही | सान्नीगाढ झो.पु.को दायाँ किनाराको ब्लक चर्किएको हो सो ब्लक भत्काई पुनः निर्माण गर्न सम्वन्धित सेवाप्रदायक संस्थाहरुलाई पठाइएको छ। |

<u>निष्कर्ष</u> : सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका महत्वपूर्ण सुझावहरुलाई मनन गरी जिल्ला विकास समितिको कार्यालयवाट सम्पादन हुने कार्यहरुसंग सम्वन्धित विषयका सम्वन्धमा उठेका जिज्ञासा र समस्यालाई तत्काल सुधार गर्ने र माथिल्लो निकाय वा अन्य सरोकारवाला र विषयगत कार्यालयहरुसंग सम्वन्धित देखिएका विषयका सम्वन्धमा तत्काल समस्या समाधानका लागि सार्वजनिक सुनुवाईको प्रतिवेदन संलग्न राखी सम्वन्धित निकायहरुलाई पत्राचार गर्ने।

प्रतिवेदन दिएको मिति : २०७२/३/२०

सार्वजनिक सुनुवाइ संयोजकको दस्तखत : 072/3/29